**अनुसूची- २**

(दफा ४ तथा अनसूची-२ को भाग-१ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०९ संख्याः ०६ मितिः २०८३/०१/१२

**भाग-२**

**रामारोशन गाउँपालिका**

## रामारोशन गाउँपालिकाको एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२

कार्यपालिकाबाट पारित मिति : २०८३/०१/१२

प्रस्तावना :

रामारोशन गाउँपालिकाका युवा विद्यार्थीलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई आर्थिक सहयोग गरी स्वास्थ्य सेवाका लागि गुणस्तरीय जनशक्ति उत्पादन गर्ने अभियानलाई टेवा पुऱ्याउन तथा उच्च तहको स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादनमा रामारोशनवासीको सहभागिता र पहुँच अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट पूर्ण छात्रवृत्तिमा नाम निकाली विभिन्न मेडिकल कलेजहरुमा स्नातक तह (Bachelor of Medicine and Bachelor of Surgery-MBBS) अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अवधिमा आवश्यक हुने आवास, खाना, स्टेशनरी लगायतका खर्चको व्यवस्थापनमा सहयोग गरी सामाजिक दायित्व पुरा गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रामारोशन गाउँ कार्यपालिकाले एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ जारी गरेको छ।

**परिच्छेद १**

**प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि रामारोशन गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) “ऐन” भन्नाले रामारोशन गाउँपालिका शिक्षा ऐन २०७५ लाई सम्झनुपर्छ।

ख) नियमावली भन्नाले रामारोशन गाउँपालिका शिक्षा नियमावली २०७५ लाई सम्झनुपर्छ।

ग) “कार्यपालिका” भन्नाले रामारोशन गाउँपालिका कार्यपालिकालाई सम्झनुपर्छ।

घ) “गाउँपालिका” भन्नाले रामारोशन गाउँपालिकालाई सम्झनुपर्छ।

ङ) "MBBS अध्ययनका लागि छात्रवृत्ति" भन्नाले रामारोशन गाउँपालिकामा सञ्चालित कुनैपनि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको वा रामारोशन बाहिरका कुनैपनि सामुदायिक/ निजि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरी चिकित्सा विज्ञान विषयको स्नातक तह MBBS अध्ययनका लागि खुला प्रतिस्पर्धाबाट पूर्ण/आंशिक छात्रवृत्तिमा नाम निकाली नेपाल भित्र/वाहिरका कुनैपनि मेडिकल कलेजमा अध्ययनरत रामारोशन निवासी विद्यार्थीलाई दिइने अनुदान सहयोग रकमलाई सम्झनुपर्छ।

च) "मेडिकल कलेज" भन्नाले नेपाल सरकार चिकित्सा शिक्षा आयोगबाट उच्चस्तरको स्वास्थ्य सेवाको जनशक्ति उत्पादन गर्नका लागि कानून बमोजिम स्थापना भएको चिकित्सा विज्ञान अन्तर्गत स्नातक तह (MBBS) अध्यापन गराउने शिक्षण संस्था सम्झनुपर्छ र यसले नेपाल वाहिरका सोहि प्रकृतीका संस्थालाई समेत जनाउनेछ।

छ) “MBBS” भन्नाले चिकित्सा विज्ञान विषयमा स्नातक तहको शिक्षा अथवा Bachelor of Medicine and Bachelor of Surgery सम्बन्धी पढाइ सम्झनुपर्छ।

ज) “विद्यार्थी” भन्नाले रामारोशन गाउँपालिकामा स्थायी ठेगाना भई रामारोशन गाउँपालिकाको कुनैपनि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भएको वा रामारोशन बाहिरका कुनैपनि सामुदायिक/ निजि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भएको र नेपालका कुनैपनि मेडिकल कलेजमा MBBS विषयमा पूर्ण छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ।

झ) "अध्यक्ष” भन्नाले रामारोशन गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

ञ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामारोशन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ट) "गाउँ शिक्षा अधिकारी" भन्नाले रामारोशन गाउँपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ठ) “शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले रामारोशन गाउँपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ।

ड) “गाउँ शिक्षा समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठित रामारोशन गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

ढ) वडाध्यक्ष भन्नाले रामारोशन गाउँपालिकाका वडाको प्रमुख जनप्रतिनिधि सम्झनुपर्छ।

## परिच्छेद २

## छात्रवृत्तिका लागि दरखास्त आह्वान, छनौट तथा सिफारिस

३. यस कार्यविधि बमोजिम MBBS अध्ययनका लागि छात्रवृत्ति वितरणका लागि सालवसाली रुपमा चिकित्सा शिक्षा आयोगले लिएको प्रवेस परिक्षा उतिर्ण गरि स्वदेस वा विदेशको कुनै मेडिकल कलेजमा भर्ना भइ अध्ययनरत विद्यार्थीले आवदेन दिन मिल्ने गरि यस कार्यविधि बमोजिमको छात्रवृत्तिको लागी गाउँपालिकाले कम्तिमा १५ दिनको समय राखी दरखास्त आह्वान गर्नेछ।

४. उपदफा (३) बमोजिमको दरखास्त तोकिएको म्याद भित्र रामारोशन गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ। यसरी दरखास्त दिँदा विद्यार्थीले तोकिएको ढाँचामा निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस. एल. सी. वा माध्यमिक शिक्षा परीक्षा (SEE) तथा अन्य शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि तथा हाल एम वि वि एस अध्ययन गरिरहेको मेडिकल कलेजको सिफारिस र भर्ना भएको रसिद संलग्न राखी पेश गर्नुपर्नेछ। निवेदन दिँदा कुनैपनि शुल्क लाग्नेछैन। MBBS अध्ययन छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ।

५. छात्रवृत्ति पाउने विद्यार्थीको मापदण्ड देहायबमोजिम हुनेछ

क) रामारोशन गाउँपालिका स्थायी ठेगाना भई रामारोशनमा सञ्चालित जुनसुकै माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SLC/SEE) उत्तीर्ण गरेको।

ख) रामारोशन गाउँपालिका स्थायी ठेगाना भई रामारोशन बाहिरका कुनैपनि सामुदायिक/ निजि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SLC/SEE) उत्तीर्ण गरेको।

ग) नेपाल सरकारले सालवसाली रुपमा चिकित्सा शिक्षा आयोगमार्फत स्वदेशी वा विदेशी सरकारी तथा निजी मेडिकल कलेजमा एम वि वि एस अध्ययनका लागि निर्धारित पूर्ण/आंशिक छात्रवृत्तिको कोटामा नाम निकाली हाल प्रथम वा द्वितीय वा तृतीय वा चतुर्थ वा पाँचौं वर्षमा अध्ययनरत रामारोशन निवासी विद्यार्थी।

६. उपदफा (४) बमोजिमको दरखास्त उपर अध्ययन जाँचबुझ एवं छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) गाउँ शिक्षा अधिकारी - सदस्य सचिव

७. दफा (५) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

क) छात्रवृत्तिका लागि प्राप्त निवेदन तथा सम्बद्ध कागजातहरुको जाँचबुझ गर्ने

ख) निवेदक विद्यार्थी रामारोशन गाउँवासी भएको र निजले रामारोशनमा सञ्चालित कुनैपनि विद्यालयबाट एस एल सी वा एस इ इ परीक्षा उत्तीर्ण गरेको कुरा एकिन गर्ने

ग) रामारोशन गाउँवासी विद्यार्थी जसले रामारोशन बाहिरका कुनै सामुदायिक/ निजि विद्यालयबाट एस एल सी वा एस इ इ परीक्षा उत्तीर्ण गरेको कुरा एकिन गर्ने

घ) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीले बीचैमा कक्षा छाडेमा गाउँपालिकाबाट प्राप्त सम्पुर्ण रकम फर्ता गर्नेछु भन्ने व्यहोराको कबुलियतनामा गराउने। कबुलियतनामाको ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

८. दफा (५) बमोजिमको समितिले छात्रवृत्ति अनुदानका लागि रामारोशन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

९. दफा (७) बमोजिमको सिफारिसबमोजिम प्रमुख प्रशासकीय अधिकृतले छात्रवृत्ति पाउने विद्यार्थीको बैंक खातामा भुक्तानि दिनेछ । भुक्तानिको प्रक्रिया निम्नानुसार रहनेछः

क) स्वदेशमा पुर्ण छात्रवृत्ति प्राप्त विद्यार्थीलाई प्रतिवर्ष व्यवस्थापन खर्च वढीमा १ लाख

ख) स्वदेशमा आंशिक छात्रवृत्ति प्राप्त विद्यार्थीलाई प्रतिवर्ष व्यवस्थापन खर्च वढीमा प्रत्येक वर्ष २ लाख

ग) पुर्ण रुपमा आफ्नो खर्चमा स्वदेश वा विदेसमा अध्ययनरत विद्यार्थीका लागी बढीमा प्रतिवर्ष ५ लाख ।

घ) गाउँपालिकाले छात्रवृत्ति/व्यवस्थापन अनुदान रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा निकासा गर्नेछ ।

१०. दफा (८) बमोजिम विद्यार्थीले पाउने छात्रवृत्ति रकम यदि कुनै मापदण्ड बमोजिमका विद्यार्थीहरु यस कार्यविधि जारी हुनुपुर्व कुनै मेडिकल कलेजमा भर्ना भई अध्ययनरत छन् र निजहरुले यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि निवेदन दिएमा एम वि वि एस को कोर्स पुरा हुने अवधि पाँचवर्ष पुग्न जति वर्ष बाँकी छ त्यति समयका लागि दामासाहीका दरले छात्रवृत्ति पाउन सक्नेछन ।

११. दफा (९) बमोजिम प्रत्येक वर्ष रकम निकासा माग गर्दा विद्यार्थीले सम्बन्धित मेडिकल कलेजमा अध्ययन गरिरहेको भन्ने व्यहोराको कलेजको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१२. रामारोशन गाउँपालिकाको एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ मा कुनै संशोधन वा थपघट गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्ने सक्नेछ ।

**अनुसूची १**

**एमविविएस अध्ययनका लागि छात्रवृत्तिका माग गर्न दिइने निवेदनको ढाँचा**

**(परिच्छेद २, दफा ४ संग सम्बन्धित)**

मितिः २०.....।.....।.....

श्री रामारोशन गाउँपालिका

शान्तडा, अछाम

विषयः एम वि वि एस अध्ययनका लागि छात्रवृत्ति पाउँ।

उपर्युक्त सम्बन्धमा रामारोशन गाउँपालिकाको मिति २०.....।.....।..... को सूचना बमोजिम मैले नेपाल सरकार चिकित्सा शिक्षा आयोगले लिएको परीक्षा उत्तीर्ण गरी पूर्ण छात्रवृत्तिमा ................................ मेडिकल कलेजमा एम वि वि एस विषयमा अध्ययन गरिरहेको छु। अतः मैले रामारोशन गाउँपालिकाबाट जारी गरिएको एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ बमोजिम देहायका काजगातहरु संलग्न राखी छात्रवृत्तिका लागि यो निवेदन पेश गरेको छु।

संलग्न काजगातहरु

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को ग्रेडसिट वा एस एल सी को लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

ग) अध्ययनरत मेडिकल कलेजको सिफारिस पत्र

घ) खाता रहेको बैंकको नाम र खाता नं (चेकबुकको प्रतिलिपि)

ङ) कबुलियतनामा

निवेदक विद्यार्थीकोः

दस्तखत :

नामथर :

ठेगाना :

संपर्क नं :

इमेल:

**अनुसूची २**
**कबुलितनामा**
**(परिच्छेद २, दफा ६ को खण्ड ग संग सम्बन्धित)**

अछाम जिल्ला रामारोशन गाउँपालिका वडा नं ............ निवासी श्री .................................................. को छोरा/छोरी म यस गाउँपालिका स्थित श्री ................................................ विद्यालयबाट एस एल सी / एस इ इ परीक्षा उत्तीर्ण गरी हाल ................................................ मेडिकल कलेजमा पूर्ण छात्रवृत्ति कोटामा एम वि वि एस अध्ययन गरिरहेको छु। रामारोशन गाउँपालिकाद्वारा जारी गरिएको एमबिबिएस अध्ययन छात्रवृत्ती वितरण कार्यविधि २०८२ मा उल्लेख भएबमोजिमका सबै शर्तहरु पालना गर्न म मञ्जुर छु। छात्रवृत्ति पाएपछि मैले बीचैमा अध्ययन छाड्ने छैन र यदि छाडेमा हालसम्म यस गाउँपालिकाको तर्फबाट मलाई प्राप्त भएको संपूर्ण रकम सरकारी बाँकी सरह फिर्ता गर्न म मञ्जुर गर्दछु भनी रामारोशन गाउँपालिकाका नाममा यो कबुलियतनामा पेश गर्दछु।

मितिः २०..................

कबुलियतनामा गर्ने विद्यार्थीकोः
दस्तखत :
नामथर :
ठेगाना :
संपर्क नं :

रोहोबरः
सम्बन्धित वडाका वडाध्यक्ष
दस्तखत :
नामथर :
वडा नं :
संपर्क नं :

आज्ञाले,

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत